# पशु आहारा बिक्रि केन्द्र स्थापना तथा संचालन कार्यक्रमको नर्मस, २०७६

मिति २०७६/१०/१७ गतेको माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

गण्डकी प्रदेश

# पशु आहारा बिक्रि केन्द्र स्थापना तथा संचालन कार्यक्रमको नर्मस,२०७६

१. कार्यक्रम संचालन गर्ने अख्तियारी प्राप्त कार्यालयले पशु आहारा (घाँस, हे, साईलेज) बिक्रि केन्द्र स्थापना कार्यक्रम सम्वन्धि ३० दिने सूचना प्रकाशन गरी निजी फर्म/कृषक/समूह/सहकारीबाट आवेदन माग गर्नु पर्नेछ ।

२. आवेदकले निवेदनका साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ।

- नेपाली नागरिकताको प्रतिलिपी
- व्यवसाय दर्ता प्रमाण पत्र,नविकरण, कर चुक्ता प्रमाणपत्र, र स्थायी लेखा नम्वर को प्रतिलिपी
- सम्वन्धित विषयमा प्राप्त तालिमको प्रमाणपत्रको प्रतिलिपी
- पशु आहारा बिक्रि केन्द्र स्थापना तथा संचालन सम्बन्धी व्यवसायिक योजना
- आहाराको निरन्तर आपूर्ति सुनिश्चितता गर्ने प्रमाण (उत्पादकसंगको करार सम्झौता)

३. कार्यक्रम संचालन गर्ने अख्तियारी प्राप्त कार्यालयको प्रमुखले तीन सदस्यीय छनौट समिति गठन गरी आवेदक मध्यवाट उपयुक्त अनुदानग्राही छनौट गर्नु पर्नेछ ।पेश भएको व्यवसायिक योजना र अन्य कागजातहरु, स्थलगत अनुगमन र बुँदा नं ४ समेतको आधारमा अनुदानग्राही छनौट गर्न सकिनेछ।

४. छनौट समितिले आहारा बिक्री परिमाण, आहाराको बिक्रि दर, आवेदकको सम्बन्धित कार्यको अनुभव, हाल उपलब्ध सामग्रीहरु, स्थलगत उपयुक्तता आदिका आधारमा अनुदानग्राहीको छनौट गर्न सक्नेछ।

५. छनौट भएका अनुदानग्राहीसँग वार्षिक स्वीकृत कार्यक्रमको अधिनमा रही कार्यक्रम संचालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकम र गर्नुपर्ने कार्यहरु लगायतका विषयहरु उल्लेख गरी सम्झौता गर्नु पर्नेछ।

६. बुँदा नं ५ वमोजिमको अनुदान रकमलाई कार्यक्रम संचालन लागतको ५०% मानी बाँकी कम्तिमा ५०% रकम अनुदानग्राही स्वयंले व्यहोर्नु पर्नेछ।

७. अनुदान रकम पशु आहारा विक्रि केन्द्रले पुँजिगत संरचना निर्माण (जस्तैः भण्डार र बिक्रि कक्षको लागि टहरा निर्माण आदि), उपकरण/मेसिन तथा औजार खरिद (जस्तैः तौलने, घाँस काट्ने मेशीनहरु आदि), खरिद/भण्डारण/बजारिकरण गर्न आवस्यक पर्ने सामग्री खरीदका लागि खर्च गर्न सक्नेछ ।

८. अनुदानग्राहीले बिल भरपाई तथा कार्य सम्पन्न प्रतिवेदन सहित निवेदन पेश गरे पश्चात कार्यक्रम संचालन गर्ने कार्यालयले स्थलगत अनुगमन गरी अनुगमन प्रतिवेदनका आधारमा बढीमा २ किस्तामा अनुदान रकम भुक्तानी गर्न सक्नेछ।

९. पुँजीगत खर्च वापत भुक्तानी गरिने अनुदान रकमको ४% बराबरको रकम कन्टिन्जेन्सी बापत कट्टा गर्न सकिनेछ।

सचिव